# साहित्य परिषद- भूटान

सन्दर्भः प्रेस विज्ञप्ति मितिः 10-30-2013

साहित्य परिषद-भूटान, केन्द्रिय कार्यकारी समितिको गत 27 अक्टोबर, 2013 मा सम्पन्न औपचारिक बैठकको निष्कर्ष तथा साझा सहमति अनुसार पुनर्वाश भएका विभिन्न देशमा तत्काले क्षेत्रीय समितिहरु गठन गरी तिनलाई औपचारिकता दिइने भएको छ । परिषदमा इच्छुक तथा जागरुक साहित्यप्रेमीहरुलाई औपचारिक सदस्यताको प्रावधान बसाली सबै पक्षको निर्णायक भूमिका कायम गराउँदै समग्र सहभागितामा उत्कृष्ट सिर्जनाहरुलाई निश्चित समयको अन्तरालमा पुस्तकरूपमा प्रकाशन गराउने पनि परिषदले निर्णय गरेको छ ।

यसरी नै अमेरिकामा परिषदलाई कुनै सुरत दर्ता गराउने र नेपाली भाषाको सम्बर्द्धन तथा संरक्षण गर्दै भाषाको औपचारिक मान्यतासहित शैक्षिक पाठ्यक्रममा समावेश गराउन सरकारसमक्ष आग्रह गर्नेसमेत परिषदले अठोट लिएको छ ।

यसैगरी परिषदले आफ्नै बलबुतामा भूटानभित्र शुरु गरेको नेपाली भाषा तथा साहित्यको जगेर्ना गर्ने पहललाई पनि अझ सक्रिय बनाई लाने निधो गरेको छ । यसर्थ, सम्पूर्ण भूटानी (भूटान भित्र र बाहिरका) साहित्य प्रेमीहरुमा परिषद सिर्जनात्मक तथा क्रियाशील सहभागिताको आह्वान गर्दछ ।

विभिन्न कारण र परिस्थितिगत केही समयदेखि सुस्ताइरहेका हाम्रा गतिविधिलाई सक्रिय बनाउँदै हामी र हाम्रा सम्पूर्ण स्रष्टा तथा पाठकगणको मनोभिलाषालाई परिपूर्ण गराउने प्रबल ध्येय लिएका छौं । यसर्थ, सबै भूटानी साहित्यानुरागी मित्रहरुमा हामी परिषदको औपचारिक सदस्यता ग्रहण गरी साहित्यिक गतिविधिमा निर्णायक भूमिका अंगालीदिनुहुन समेत आह्वान गर्दछौं ।

आजको परिस्थितिमा हामी भूटानीहरु संसारका विभिन्न मुलुकमा छरिएर रहेकाले सबैले आ-आफ्नै स्थानीय तहमा पनि हाम्रा साहित्यिक गतिविधिलाई क्रियाशील बनाउँदै हाम्रो सामाजिक अस्तित्व र ऐतिहासिक पहिचानको धरोहर सजिब राखिदिनुहुन सविनयतापूर्वक निवेदन गर्दछौं ।

भक्त घिमिरे
अध्यक्ष
साहित्य परिषद-भूटान

**साहित्य परिषद्-भूटानको मातहतमा औपचारिक आह्वानको दस्तावेज**